# पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस

## विधान-२०८२

गोदावरी नगरपालिका, वडा नं २ अत्तरिया-कैलाली

मो.नं ९८५८४२५०९१ (अध्यक्ष)

ईमेल- alumnidurgalaxmicampus@gmail.com

# पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस
## 'Alumni Association, Durgalaxmi Multiple Campus'
## विधान- २०८३

मिति २०८-३।०२।०३ कार्यालयको निर्णयानुसार स्वीकृत

**प्रस्तावना**

जिल्ला कैलाली, गोदावरी नगरपालिका वडा नं-२ अत्तरियामा स्थित श्री दुर्गालक्ष्मी बहुमुखी क्याम्पसमा अध्ययन गरेका पूर्व विद्यार्थीहरूले संगठितभई उक्त क्याम्पसको भौतिक, आर्थिक, सामाजिक र शैक्षिक विकास कार्यमा सहयोग पुऱ्याउने, विभिन्न सांस्कृतिक, साहित्यक, खेलकुद र विज्ञान तथा प्रविधिसंग सम्बन्धित कार्यक्रमहरू संचालन गरी विद्यार्थीहरूको सर्वाङ्गीण क्षमता विकास गर्ने, देशमा आइपर्ने महामारी तथा अन्य विषम परिस्थितिको आपत्कालिन अवस्थामा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने, क्याम्पसमा अध्ययनरत प्रतिभाशाली एवम् विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक सामग्रीहरू प्रदान गर्ने, क्याम्पसको भवन, खेलमैदान, पुस्तकालय फर्निचर तथा आवश्यक उपकरण लगायतका विभिन्न भौतिक विकास कार्यहरूमा रचनात्मक सहयोग गर्ने एवम् यस क्याम्पसका पूर्व विद्यार्थीहरू बीच एकता, सद्भाव र भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले अभिप्रेरित भएर **"पूर्व विद्यार्थी मञ्च दुर्गालक्ष्मी बहुमुखी क्याम्पस"** नामक संस्था स्थापना गरी उपरोक्त गतिविधिहरू सञ्चालन गर्न वाञ्छनीय भएकाले संस्था दर्ता ऐन-२०३४ को अधिनमा रही यो विधान तर्जुमा गरिएको हो ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) **संस्थाको नामः**- यस संस्थाको नाम **"पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस"** रहनेछ

(ख) यस संस्थालाई अंग्रेजीमा **'Alumni Association, Durgalaxmi Multiple Campus'**

**भनिनेछ ।**

(ग) छोटकरीमा यस संस्थालाई (पू.वि.म.दु.ल.ब.क्या.) तथा **अंग्रेजिमा ( A.A.D.M.C.) भनिनेछ ।**

(घ) **संस्थाको कार्यालय रहने ठेगानाः-**

यस संस्थाको केन्द्रिय कार्यालय कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं-२, अत्तरियामा रहने छ ।

(ङ) **संस्थाको कार्यक्षेत्रः**- यस संस्थाको कार्यक्षेत्र कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं १ मा रहनेछ । सम्बन्धित स्थानीय अधिकारीको स्वीकृती लिई अन्य जिल्लामा पनि कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

(च) **प्रारम्भः**- यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(छ) **संस्थाको अस्तित्वः**- यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, सङ्गठित, स्व-शासित, गैर-नाफामूलक, गैर-राजनीतिक, गैर सरकारी, विशुद्ध सामाजिक संस्था हुनेछ । संस्थाबाट

आफ्नो उद्देश्य बाहेक अन्य आय-आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श दिने काम गरिने छैन ।

## २. परिभाषा:-

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-**

(क) **'विधान'** भन्नाले **"पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस"**को विधानलाई सम्झनु पर्दछ ।

(ख) **'संस्था'** भन्नाले **"पूर्व विद्यार्थी मञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस"** लाई जनाउँछ ।

(ग) **'नियमावली'** भन्नाले यस विधान बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्नेछ ।

(घ) **'नियम'** भन्नाले यस विधान बमोजिम बनेको नियमलाई सम्झनु पर्नेछ ।

(ङ) **'विनियम'** भन्नाले यस विधान बमोजिम बनेको विनियमलाई सम्झनु पर्नेछ ।

(च) **'तोकिए बमोजिम'** भन्नाले यस विधान र नियमावलीमा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) **'पदाधिकारी'** भन्नाले यस विधान अन्तर्गत गठित कार्यसमितिको पदाधिकारीलाई जनाउने छ ।

(ज) **'स्थानीय अधिकारी'** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ ।

(झ) **'समिति'** वा **'कार्यसमिति'** भन्नाले यस विधान वमोजिम गठित कार्य समितिलाई जनाउने छ ।

(ञ) **'स्थानीय तह'** भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ट) **'संस्थापक सदस्य'** भन्नाले यो संस्था दर्ता हुँदाका बखतका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

(ठ) **'सभा'** भन्नाले वार्षिक साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउने छ ।

(ड) **'सदस्य'** भन्नाले यसविधान बमोजिम बनेका सदस्यता प्राप्त व्यक्तिलाई जनाउने छ ।

(ढ) **'सल्लाहकार'** भन्नाले यस विधान बमोजिम गठित कार्यसमिति वा सिंगो सदस्यहरूलाई उल्लेखित उद्देश्यहरू पूरा गर्न आवश्यक सर-सल्लाह र सहयोग गर्ने कार्यसमितिले निर्णय गरी तोकेको व्यक्तिलाई जनाउँदछ ।

(ण) **'विषयगत निकाय'** भन्नाले सम्बन्धित सरकारी, सार्वजनिक वा अन्य केन्द्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर, स्थानीयस्तर समेतका कार्यलय वा संस्थालाई जनाउँदछ ।

(त) **'उप-समिति'** भन्नाले संस्थाको विधान बमोजिम गठन गरिएको मूल कार्यसमितिले कुनै विशेष कार्य सम्पादन गर्नको लागि आवश्यकता भए अनुसार गठन गरेको उप-समितिलाई जनाउँदछ ।

(थ) **'पूर्व विद्यार्थी'** भन्नाले जिल्ला कैलाली, गोदावरी नगरपालिका-२ अत्तरिया स्थित दुर्गालक्ष्मी बहुमुखी क्याम्पसबाट कुनै परीक्षा/तह उत्तीर्ण गरी त्यहीँबाट चारित्रिक प्रमाणपत्र प्राप्त गरेको एवम् क्याम्पस छोडिसकेको पूर्व विद्यार्थीहरुलाई सम्झनु पर्दछ ।

## ३. संस्थाको छाप र चिन्ह:-

नेपाल कानुनको प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी यस संस्थाको एउटा छुट्टै छाप र चिन्ह अनुसूचि-१ बमोजिमको ढाँचामा हुनेछ । संस्थाको नाम, छाप र चिन्ह यो संस्था दर्ता हुनुभन्दा पूर्व दर्ता भएको कुनै संघ-संस्थासंग मेल खाएमा नियमानुसार संशोधनको प्रक्रिया पूरागरी तुरून्त संशोधन गरिनेछ ।

# परिच्छेद - २
## उद्देश्य

**४. संस्थाका उद्देश्यहरू:-**

(क) यो संस्था नेपाल सरकारको नीति निर्देशनको अधिनमारही पूर्ण मुनाफा रहित, गैर राजनीतिक, गैर सरकारी, जनहितकारी, विशुद्ध सामाजिक संस्था हुनेछ ।

(ख) जिल्ला कैलाली, अत्तरिया स्थित दुर्गालक्ष्मी बहुमुखी क्याम्पसमा अध्ययन गरेका पूर्व विद्यार्थीहरूलाई संगठित गरी पूर्व विद्यार्थीहरू बीच एकता, सद्भाव र भाइचारा अभिवृद्धि हुने किसिमका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) अक्षयकोष स्थापना गरी सोको व्याजबाट प्राप्त हुने रकम गरीव तथा जेहेन्दार विद्यार्थीहरूको छात्रवृत्ति, पठन सामग्री तथा अन्य उपयोगी क्षेत्रमा खर्च गर्ने ।

(घ) समाजमा विभिन्न रचनात्मक कार्यहरू गर्ने ।

(ङ) दुर्गालक्ष्मी बहुमुखी क्याम्पसको भौतिक, सामाजिक तथा शैक्षिक विकासमा सहयोग पुऱ्याउने ।

(च) विद्यार्थीहरूलाई लक्षित गरी विभिन्न सांस्कृतिक, साहित्यक, खेलकुद, नेतृत्व विकास तथा व्यक्तित्व विकास सम्बन्धी तालिमहरू सञ्चालन गर्ने ।

(छ) विज्ञान तथा प्रविधिसंग सम्बन्धित विविध कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) संस्थाको बृहत हितमा रही कार्य गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्दा गरिने कामहरू:-**

(क) यो संस्थाले प्रचलित नेपालको कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी दफा-४ बमोजिमको उद्देश्य कार्यान्वयन गर्ने छ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिने, कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम सामानहरू जस्तैः कम्प्युटर, टेलिफोन, प्रिन्टर, फर्निचर आदि खरिद गर्नेछ र संस्थालाई सवारी साधनको आवश्यकता महसुस भएमा नियमानुसारको आवश्यक प्रक्रिया पूरा गरी सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्न सक्ने छ ।

(ग) संस्थाको नाममा प्राप्त हुने आउने कुनैपनि प्रकारको रकम संस्थाको स्थानीय बैंक खातामा जम्मा गरी बैकिङ् कारोवारबाट मात्र खर्च गरिने छ ।

(घ) संस्थाले आफूलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनीहरूका सेवा र सर्तहरू निर्धारण गर्ने छ ।

(ङ) संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कुराहरूका विषयमा नेपालको प्रचलित कानुन र यस विधानको अधिनमारही कार्यसमितिका सदस्यहरू बीच छलफल गरी निर्णय गर्ने छ ।

(च) मूल समितिले आवश्यक परेको खण्डमा अन्य उप-समितिहरू समेत गठन गर्न सक्ने छ । विभिन्न सरकारी तथा गैर-सरकारी संघ-संस्थाहरूबाट प्राप्त हुन आउने सहयोग रकम संस्थाको मूलसमितिबाट वा आवश्यक भएको खण्डमा अन्य उप-समिति गठन गरी नियमानुसार सो सहयोग रकम खर्च गरिने छ ।

५.१. **संस्था संचालन गर्न गरिएका प्रतिवद्धताहरू:-**

(क) सरकारी निकायबाट स्वीकृति लिई गर्नु पर्ने कार्यक्रमको हकमा अनिवार्य स्वीकृति लिईने छ ।

(ख) देशमा दैवी प्रकोप वा अन्य समस्या आईपरेमा आवश्यकता अनुसार सक्दो सहयोग गरिने छ ।

(ग) यस संस्थाको उद्देश्य पूरा गर्न बन्द, हड्ताल र चक्काजाम जस्ता गैरकानुनी एवम् अनुचित कार्यहरू गरिने छैनन् । नेपाल सरकारका मित्रराष्ट्रहरू, दातृ निकाय वा विदेशी देशहरूसंग गरिएका दौत्य सम्बन्धमा असर पुग्ने खालका कुनैपनि गतिविधिहरू गरिने छैनन् ।

(घ) चन्दा लगायतका अनिमियत आर्थिक कारोबार गरिने छैनन् ।

(ङ) सूचनाको हक सम्बन्धि ऐन-२०६४ को पूर्ण पालना गरिने छ ।

## परिच्छेद-३

### (सदस्यता )

**६. सदस्यता वर्गीकरण:-**

यस संस्थामा देहाय बमोजिमका ४ (चार) प्रकारका सदस्यहरू रहने छन् ।

**(क) साधारण सदस्य:-**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका कुनै पनि नेपाली नागरिकले तोकेको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको साधारण सदस्यता प्रदान गरिने छ ।

**(ख) संस्थापक सदस्य:-**

यो संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरू यस संस्थाका संस्थापक सदस्य रहने छन् ।

**(ग) आजीवन सदस्य:-**

संस्थाको विकासको लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

**(घ) मानार्थ सदस्य:-**

संस्थाले उपयुक्त ठहर गरेका विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ । तर मानार्थ सदस्यहरूको मताधिकार भने रहने छैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:-**

**यस संस्थाको सदस्यताको लागि देहायबमोजिम योग्यता पुगेको हुनुपर्ने छ:-**

(क) नेपाली नागरिक हुनुपर्ने ।

(ख) जिल्ला कैलाली, अत्तरिया स्थित दुर्गालक्ष्मी बहुमुखी क्याम्पसबाट कुनै कक्षा/तह उत्तीर्ण गरी त्यहीबाट चारित्रिक प्रमाणपत्र प्राप्त गरेको एवम् क्याम्पस छोडि सकेको पूर्व विद्यार्थी हुनुपर्ने ।

(ग) कम्तीमा १८ वर्ष उमेर पुगेको हुनुपर्ने ।

(घ) मानसिक सन्तुलन नगुमाएको हुनुपर्ने ।

(ङ) नैतिक पतन, फौजदारी र भ्रष्टाचारको अभियोगमा अदालतबाट सजाय नपाएको हुनुपर्ने ।

(च) कुनै सरकारी वा गैर-सरकारी संघ-संस्थामा आवद्ध भई त्यहाँ सार्वजनिक सम्पतिको दुरूपयोग वा आर्थिक हिनामिना नगरेको वा अन्य कुनै अनियमितता नगरेको हुनुपर्ने ।

## ८. संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाहरू :-

(क) गैर नेपाली नागरिक ।
(ख) अत्तरिया स्थित दुर्गालक्ष्मी बहुमुखी क्याम्पसमा भर्नाभई अध्ययन नगरेको भएमा ।
(ग) १८ वर्ष पुरा उमेर नपुगेको भए ।
(घ) मगज बिग्रेको वा बहुलाएको भएमा ।
(ङ) सार्वजनिक सम्पतिको हिनामिना गरेको ठहर भएमा वा दामासाहिमा परेको भएमा ।
(च) नैतिक पतनदेखि फौजदारी र भ्रष्टाचारीको अभियोगमा अदालतबाट सजाय पाएको भएमा ।
(छ) सम्बन्धित संस्थाको काममा निजि स्वार्थ देखाएको प्रमाणित भएमा ।
(ज) कुनै पनि प्रकारको दामासाहीमा परेको भएमा ।
(झ) कुनै पनि प्रकारको चोरी, ठगी, किर्ते अथवा जालसाजी गरेको वा आफ्नो जिम्मेवारीमा रहेको धनमाल अनधिकृत रूपले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदार भएको ठहर भएमा ।
(ञ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
(ट) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।
(ठ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

## ९. सदस्यताको समाप्तिः-

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।
(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न सक्ने योग्यता नभएमा ।
(ख) साधारण सभाको ७५% सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा
(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
(घ) संस्थाको काम-कार्यवाहीमा बेइमानी र बद्नियत गरेको ठहरिएमा वा प्रमाणित भएमा ।
(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कार्य गरेमा ।
(च) सदस्यता नवीकरण शुल्क बुझाउन बाँकी भएमा ।
(छ) संस्था विघटन भई खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुत प्रमाण पेश गर्ने अवसर प्रदान गर्ने छ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-

यस विधानको दफा-६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिए बमोजिमको शुल्क तिरी सदस्यता प्रदान गर्न सक्ने छ ।

**१. साधारण सदस्यः-**

**क)** साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वाफत **रू.५००/-** (अक्षेरूपी-पाँचसय ) र वार्षिक शुल्क वाफत **रू.१००/-** (अक्षेरिपी-एकसय रूपैंयाँ) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

**ख)** यसरी साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्रै **रू.१००/-**बुझाई सदस्यता नवीकरण गराईसक्नु पर्ने छ । त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सकिने छ ।

**२. संस्थापक सदस्यः-**

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरूले शुरूमा संस्था दर्ता हुँदाको बखतमा संस्था दर्ता भएको मितिले १५ दिन भित्रै एकमुष्ट रकम रू.५,०००/- (अक्षेरिपी- पाँचहजार रूपैयाँ) बुझाउँनु पर्ने छ ।

**३. आजीवन सदस्य:-**

संस्थामा एकमुष्ठ **रू.२,५००/-** (अक्षेरिपी-दुईहजार पाँचसय रूपैयाँ) बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

**४. मानार्थ सदस्य:-**

साधारण सभाको निर्णय अनुसार उपयुक्त ठानिएका समाजसेवी, विशिष्ट व्यक्तिहरू तथा प्रतिष्ठित स्वदेशी नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । तर मानार्थ सदस्यहरूको मताधिकार भने रहने छैन ।

६. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरिएमा त्यसको कारण सहितको जानकारी निज आवेदकलाई दिइने छ ।

७. सबै सदस्यहरूले यस विधान अन्तर्गत बनेका नियम र उप-नियमहरूको पालना गर्नु पर्ने छ ।

८. संस्थाले प्रदान गर्ने सदस्यताहरू उपदफा १, २, ३ र ४ अनुसारका सदस्यहरूको तोकिएको ढाँचामा छुट्टा-छुट्टै अभिलेख पुस्तिकाहरू रहने छन् ।

## परिच्छेद-४

### ११. साधारण सभाको गठन:-

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरूबाट संस्थाको साधारण सभाको गठन हुनेछ । साधारण सभामा मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

**(क) वार्षिक साधारण सभा:-** वार्षिक साधारण सभा वर्षको १ पटक अनिवार्य रूपमा बस्ने छ ।

**(ख) विशेष साधारण सभा:-** संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूले कुनै मनासिव कारण देखाई विशेष साधारणसभा माग गरेको खण्डमा विशेष साधारणसभा, कार्य समितिले कम्तीमा १५ दिन भित्र अनिवार्य रूपमा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष साधारणसभा बसेको ६ महिना भित्र पुनः विशेष साधारणसभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व.समाप्त भएको मितिले दुई महिना भित्र बोलाइने छ । त्यस पछिका वार्षिक साधारण सभाहरू भने आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रै बोलाइने छन् ।

४. यस संस्थाको प्रथम वार्षिक साधारणसभा गर्नकोलागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा ७ सात दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण र आजीवन सदस्यहरूलाई अनिवार्य रूपले पत्र मार्फत सूचना दिइने छ ।

५. उपदफा-४ बमोजिम पहिलो पटक बोलाइएको साधारण सभामा विधानको दफा-१८ बमोजिमको गणपूरक संख्या ६७ % हुने छ। उक्त संख्या नपुगी सभा हुन नसकेमा दोस्रो पटक ५१% को संख्यालाई गणपूरक संख्या मानिने हुनुपर्ने छ।
६. पहिलो पटक बोलाईएको साधारण सभाको गणपूरक संख्या नपुगेमा दोस्रो साधारण सभा पहिलो साधारण सभा भएको मितिबाट १५ दिन भित्र बोलाउँनु पर्नेछ।
७. नियमित बैठक, साधारणसभा र विशेष साधारणसभाको लागि छुट्टा-छुट्टै निर्णय पुस्तिकाहरू राखिने छन्।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकारः-

(क) कार्यसमितिले पेश गरेको योजना, कार्यक्रमहरू तथा वार्षिक बजेट पारित गर्ने।
(ख) लेखा परीक्षकबाट प्राप्त भएको गत आ.व.को वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरूजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू ऋण, असुल उपर गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने।
(ग) गत आ.व. र आगामी आ.व.को लागि लेखा परीक्षकको नियुक्ति गर्ने।
(घ) संस्थाको वार्षिक कार्यप्रगति विवरण संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने।
(ङ) संस्थाका कार्यसमितिका पदाधिकारीहरूको पदावधि समाप्त भएको अवस्थामा कार्यसमितिका पदाधिकारीहरूको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने।
(च) कार्यसमिति द्वारा पेश भएको विधान, नियम तथा अन्य विनियमहरू स्वीकृत गर्ने।
(छ) मानार्थ सदस्यता प्रदान गर्ने।
(ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कार्यवाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने।
(झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता, तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने।

## १३. कार्य समितिको गठनः-

१. साधारण सभाका सदस्यहरूबाट निर्वाचित हुनेगरी देहाय बमोजिमका पदाधिकारीहरू रहनेगरी ११ (एघार) जना सदस्य भएको एउटा कार्यसमिति गठन गरिने छ।

| | |
|---|---|
| १. अध्यक्ष - | १ जना |
| २. उपाध्यक्ष - | १ जना |
| ३. सचिव - | १ जना |
| ४. कोषाध्यक्ष - | १ जना |
| ५. सह-सचिव - | १ जना |
| ६. सदस्यहरू - | ४ जना |
| ७. कार्यसमिति द्वारा मनोनित सदस्यहरू- | २ जना |

२. निर्वाचित कार्य समितिले २ (दुई) जना सदस्यहरु मनोनित गर्न सक्ने छ। कार्यसमितिको कार्यकाल ३ (तीन) वर्षको रहने छ।
३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनयन कार्यसमितिद्वारा गर्न सकिनेछ

। यसरी सो पदमा निर्वाचित भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ । तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी समयका निम्ति निर्वाचन प्रक्रियाद्वारा पदपूर्ति गरिने छ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छन् । तर कार्यसमितिको पदाधिकारीहरूको जम्मा संख्या मध्ये **५१%** सदस्यहरूले बैठक बोलाउने माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरून्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरूको कुल संख्याको **५१%** पदाधिकारीहरू उपस्थित नभई कार्य समितिको बैठक बस्न सक्ने छैन ।

६. कार्यसमितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका सदस्यहरू मध्ये जेष्ठ वा उपस्थित सदस्यहरूले छानेको एक जना सदस्यले अध्यक्षता गर्ने छ ।

७. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । कुनै विषयमा मत बरावर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन् ।

८. कार्यसमितिको बैठकमा छलफल भएको विषयहरू निर्णयपुस्तिका किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूको सही गर्नु पर्ने छ । तर निर्णयमा असहमती जनाउँने कार्यसमितिका सदस्यहरूले कैफियत खोली सही गर्नु पर्ने छ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य, कार्य समितिको निर्णय बाट हुनेछ ।

१०. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउँने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरू लिखितरूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिने छ ।

## १४. कार्यसमितिको काम, कतर्व्य र अधिकार:-

१. संस्थाको आगामी वर्षका कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२. संस्थाको हित हुने कार्यक्रमहरूको सञ्चालन गर्ने ।
३. साधारण सभा प्रति उत्तरदायी रहने ।
४. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम, उपभोग र प्रयोग गर्ने ।
५. संस्थाको कार्यसम्पादन गर्ने, कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।
६. संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली आर्थिक कारोबार सञ्चालन गर्ने ।
७. संस्थाको कर्मचारीहरूको सेवा, शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने,गराउँने ।
८. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समितिका अन्य समिति उप-समितिहरू गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाँड-फाँड गरिदिने ।
९. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५. पद त्याग गर्न सक्ने:-

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष आफ्नो राजीनामा दिई पद त्याग्न सक्ने छन् ।

## १६. अन्य उप-समितिहरू:-

१. यस विधानको परिधि भित्र रही संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार सल्लाहकार समिति लगायत अन्य उप-समितिहरू गठन गर्नसक्ने छ। तर ती उप-समितिहरूलाई साधारण सभाको वैठकद्वारा अनुमोदन गराउँनु पर्ने छ।

२. उप-समितिका कार्यहरू मूल कार्यसमितिले तोकिदिए बमोजिम हुनेछन्।

# परिच्छेद-५

## (पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार )

## १७. कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार:-

### १. अध्यक्ष:-

यस संस्थाको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) साधारण सभाको अधिवेशन र कार्यसमितिको अध्यक्षता गर्ने र कार्यसमितिको वैठकमा साधारण मत विभाजन भई मत बराबर भएमा निर्णायक मत दिने।

(ख) संस्थाको सर्वोच्च अधिकारीको रूपमा रही पदाधिकारीहरूको काम बाँड-फाँड गर्ने र संस्थाको आवश्यक विकासको लागि संस्थाको दैनिक कार्य सञ्चालन गर्ने।

(ग) कार्यसमितिको वैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी निकट वैठकमा सोको अनुमोदनका लागि पेश गर्ने।

(घ) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तर्राष्ट्रिय संघ-संस्थाको प्रतिनिधित्व गराउँने। कुनै अन्य संघ-संस्थाले निमन्त्रणा गरेमा त्यहाँ गएर संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधि चयन गरी त्यहाँ पठाउँने।

(ङ) अभिलेख प्रमाणित गर्ने।

(च) संस्थाका लागि आवश्यक कर्मचारीहरूलाई प्रक्रिया अनुसार नियुक्त गर्ने।

### २. उपाध्यक्ष:-

(क) अध्यक्षलाई सहयोग गर्ने।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अधिकारमा रहेको कार्य गर्ने जिम्मा लिने।

### ३. सचिव:-

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने/गराउँने। कार्यसमितिको बैठक बस्दा निर्णयपुस्तिकामा प्रस्तावहरू लेख्ने वा लेख्न लगाउँने।

ख) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिमा साधारण सभाको बैठक बोलाउँने र सो बैठकको लागि छलफलका विषयहरूको सूची तयार गर्ने।

(ग) सबै प्रकारका अभिलेखहरू सुरक्षित राख्ने।

(घ) साधारण सभाको अधिवेशन, कार्यसमितिको वैठकमा भएका निर्णयहरू कार्यान्वयन गराउँने।

(ङ) संस्थाको कार्यालय, शाखा कार्यालय आदिको प्रशासकीय कुरामा रेखदेख नियन्त्रण तथा निर्देशन गर्ने।

(च) कर्मचारीहरू नियुक्त गर्नुपर्ने भएमा त्यसको प्रस्ताव कार्यसमितिमा पेश गर्ने।

(छ) कार्यसमिति र अन्य समितिहरू बीच समन्वयात्मक कार्य गर्ने र संस्थाको सम्पूर्ण प्रशासकीय कार्य गर्ने/गराउने ।

**४. सह-सचिवः-**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्ने/गराउँने ।

**४. कोषाध्यक्षः-**

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने/गराउने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) संस्थाको आय-व्यय वा लेखा दुरूस्त राख्ने/राख्न लगाउने ।

(घ) नियमित आय-व्ययको हिसाव राख्ने र आय-व्ययको अनुमान तथा लेखा परीक्षणको प्रतिवेदन कार्य समिति तथा साधारण सभामा पेश गर्ने ।

(ङ) आर्थिक कारोवार सम्बन्धी सबै गतिविधिहरूको रेखदेख तथा नियन्त्रण गर्ने वा त्यस सम्बन्धी आवश्यक निर्देशन दिने ।

(च) संस्थाको चल-अचल सम्पतिको जिम्मा लिने, रेखदेख गर्ने र प्रर्वद्धन गर्ने ।

(छ) संस्थाको सम्पत्ति सुरक्षा र आम्दानी अभिवृद्धिको लागि सक्रिय वा तत्पर रहने ।

(ज) नियमावली र विधानमा व्यवस्था भए अनुसार अन्य कामहरू गर्ने/गराउने ।

**५. सदस्यः-**

(क) कार्य समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्न ।

(ग) संचालक समितिले खटाएको कुनै पनि कार्यमा सहयोग गर्ने ।

**१८. गणपूरक संख्याः-**

(क) पहिलो पटक बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ६७ % साधारण सदस्यहरूको उपस्थिति नभएमा साधारण सभाको काम कार्यवाही हुने छैन ।

(ख) तर विधानको दफा ११ को ५ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६

**१९. आर्थिक अवस्थाः-**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहाय बमोजिमको प्राप्त रकम जम्मा हुनेछ ।

(क) सदस्यता वितरण र प्रवेश शुल्कबाट प्राप्त रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदानबाट प्राप्त रकम ।

(ग) नेपाल सरकारबाट प्राप्त आर्थिक सहयोगको रकम ।

(घ) कुनै व्यक्ति,स्वदेशी संघ-संस्था, वा अन्तर्राष्ट्रिय संघ-संस्थावाट सहयोग वाफत प्राप्त रकम ।

(ङ) सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग वाफत प्राप्त रकम ।

२. विदेशी सहयोग प्राप्त गर्दा समाज कल्याण परिषद्को पूर्व स्वीकृती लिइने छ ।

३. संस्थालाई प्राप्त रकम स्थानीय बैंकमा खाता खोली खाता सञ्चालन गरिने छ ।

## २०. खाता सञ्चालनः-

संस्थाका बैंक खाताहरू अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछन् । चेकमा दस्तखत गर्दा कोषाध्यक्षको अनिवार्य र सचिव तथा अध्यक्ष मध्ये एकजना जसको भएपनि हुने व्यवस्था हुनेछ । खर्च विवरण सचिवले तयार गर्नेछन्, कोषाध्यक्षले गोश्वारा भौचरमा रूजु गरेपछि अध्यक्षले अनुमोदन गर्नेछन् । खर्च गर्दा प्रचलित ऐन/नियम अनुसार खर्च गरिने छ तथा यसका सबै विवरणहरू सुरक्षित राखिने व्यवस्था मिलाइने छ ।

## २१. कोषको रकम खर्च गर्ने तरिकाः-

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गर्न सकिनेछ :-

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृति गरी कोषवाट खर्च गर्न सकिनेछ ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा नरही कोषवाट रकम खर्च गर्न सकिने छैन ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

(ङ) प्रत्येक चेकको एउटा गोश्वारा भौचर बनाइने छ । गोश्वारा भौचर कोषाध्यक्षले तयार एवम् रूजु गरी अध्यक्षले अनुमोदन गर्ने छन् ।

## २२. संस्थाको लेखा र लेखा परीक्षणः-

(क) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

(ख) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिस्टर्ड लेखा परीक्षकबाट मात्रै गराइनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारी खटाई संस्थाको हिसाव-किताव चेक-जाँच गर्न सक्नेछन् ।

(घ) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ, तर पहिलो वर्ष साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति संस्थाको कार्यसमितिबाट हुनेछ ।

(ङ) संस्थाले लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, आन्तरिक राजश्व कार्यलय र सम्बन्धित अन्य निकायमा पेश गरिने छ । यसका अलावा समाज कल्याण परिषद्ले माग गरेको खण्डमा पनि उक्त प्रतिवेदनहरू त्यहाँ पठाइने छन् ।

# परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव र विधान संशोधन सम्बन्धी व्यवस्था

## २३. निर्वाचन सम्बन्धी व्यवस्थाः-

(क)कार्य समितिको सहमतिद्वारा कार्य समितिको निर्वाचन प्रयोजनका लागि बढीमा तीन सदस्यीय एक निर्वाचन समितिको गठन गरिनेछ ।

(ख)निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

(ग) निर्वाचन सम्बन्धि कुनै विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

(घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

## २४. उम्मेदवार हुने अयोग्यताहरू:-

**कार्य समितिको उमेद्वार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ:-**

(क) विधानको दफा ७ को योग्यता पुगेको ।

(ख) सदस्यता बहाल रहेको हुनु पर्दछ ।

(ग) संस्थालाई तिर्नु पर्ने दायित्व पूरा गरेको हुनु पर्ने छ ।

(घ) नेपालको प्रचलित कानून अनुसार फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(ङ) संस्थाको उद्देश्यप्रति वफादार भएकोहुनु पर्ने ।

## २५. अविश्वासको प्रस्ताव:-

(क) अविश्वासको प्रस्ताव, लिखित रूपमा कुन-कुन पदाधिकारीको विरूद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रीत पुर्‍याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(अ) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(आ) प्रस्तावको विषय स्पष्ट, किटान, मुनासिव र व्यवहारिक हुनु पर्छ ।

(ई) साधारण सभाका सदस्यहरू मध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यहरूको प्रष्ट नाम,थर र ठेगाना सहितको विवरण खुलाई सहिछाप भएको हुनु पर्छ ।

(ख) दफा २५(क) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेतको सूचना दिईनेछ ।

(ग) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया:-

(अ) साधारण सभामा अध्यक्षले दफा २५(क) बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने मध्ये एकजना सदस्यले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको अभिमत साधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

(आ) दफा २५ ग (अ) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यहरूले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्ने छ ।

(इ) दफा २५ (क) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरूद्ध प्रस्तुत गरिएको हो सो विषयमा अध्यक्षता गर्ने व्यक्तिले त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिनेछ ।

## २६. विधान संशोधन:-

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभाको सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र विधानको कुनै दफा खारेज वा संशोधन भएको मानिने छ ।

## २७. नियम बनाउन सक्ने:-

(क) नेपालको प्रचलित कानुनसंग नबाँझिने गरि संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम यस विधानको अधिनमा रही वनाउन सक्नेछ । सो नियम साधारण सभाबाट पारित गरी लागु हुने छ । यसरी पारित भएको नियम अनिवार्य रूपमा स्थानीय अधिकारीलाई समेत जानकारी गराउनु पर्ने छ ।

(ख) यो विधान र अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था, आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

## २८. कर्मचारीको व्यवस्था:-

(क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक कर्मचारी दरबन्दी सृजना गरी नियुक्त गर्ने र निजहरूको सेवा सुविधा तथा पारिश्रमिक सम्बन्धी नियमावली बनाई साधारण सभाबाट स्वीकृत भए अनुसार गर्ने ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्तगरी कार्यक्रम संचालन र कार्यान्वयन गर्न सल्लाहकार वा स्वयम्सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण खोली समाज कल्याण परिषद्बाट स्वीकृति लिए पश्चात्को विवरण स्थानीय अधिकारी, समाज कल्याण परिषद् र सम्बन्धित निकायहरूमा अनिवार्य रूपमा उपलब्ध गराईनेछ ।

## २९. संस्था खारेजी:-

(क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(ख) दफा २९ (क) वमोजिम संस्था खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटर र संस्थाको हिसाव-किताव गर्नका लागि एक वा एक भन्दा वढी लेखापरीक्षक नियुक्त गर्ने छ ।

(ग) दफा २९ (ख) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक प्रचलित कानूनको परिधि भित्र रही साधारण सभाले तोकि दिए वमोजिम हुनेछ ।

(घ) कुनै कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फर-फारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

## ३०. व्याख्या:-

यो विधान र विधान अन्तरगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिको हुने छ ।

## ३१. गोप्यता भंग गर्न नहुने:-

यस संस्थाका कुनै पनि अधिकारी वा सदस्यले संस्थाको अहित हुने गरी गोप्यता भंग हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले वैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाईने छैन ।

## ३२. ऐन अनुसार हुने:-

यस विधानमा उल्लेख नभएका कुराहरू नेपालको प्रचलित कानुन वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसंग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

## ३३. निर्देशनको पालना:-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशन पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४. तदर्थ समितिको काम, कर्तव्य:-**

(क) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले संस्था दर्ता भएको मितिले ०६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्ने छ।

(ख) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ समितिले गरेका काम कार्वाहीहरू यसै विधानसरह भएको मानिने छ।

**३५. बर,बुझारथ:-**

यस संस्थामा आवद्ध कार्यसमिति सदस्यहरूको पद समाप्त हुँदा अथवा बहालवाला कर्मचारीहरूले पदत्याग गर्दा आफू जिम्मामा रहेको नगद वा जिन्सीको हिसाव/किताव १५ (पन्द्रह) दिनभित्र बहालवाला अध्यक्षलाई बुझाउनु पर्नेछ।

**३६. नाम, नामेसी:-**

**'पूर्व विद्यार्थीमञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस'** नामक संस्थाका हामी निम्न संस्थापक सदस्यहरू यस विधान बमोजिम कार्यगर्न मञ्जुर भई निम्नानुसारका साक्षीहरूको रोहवरमा यो विधानमा सहीछाप गर्दछौं।

**<u>संस्थाका संस्थापक पदाधिकारहरूको नामावली विवरण र दस्तखत:-</u>**

| क्र.सं. | पदाधिकारीहरूको नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | उद्धवराज भट्टराई | अध्यक्ष | गो.न.पा.९, धनचौरी, कैलाली | |
| २ | योगेश भट्ट | उपाध्यक्ष | गो.न.पा.३, मालाखेती, कैलाली | |
| ३ | भिष्मराज सुवेदी | महासचिव | गो.न.पा.४, बास्कोटा, कैलाली | |
| ४ | पदमराज ओझा | सचिव | गो.न.पा.२, तेघरी, कैलाली | |
| ५ | रत्ना कुँवर जोशी | कोषाध्यक्ष | गो.न.पा.१, अत्तरिया, कैलाली | |
| ६ | शारदा फुलारा | सदस्य | गो.न.पा.७, लालपुर, कैलाली | |
| ७ | बालकृष्ण भट्टराई | सदस्य | गो.न.पा.३, मालाखेती, कैलाली | |
| ८ | लक्ष्मी बिष्ट | सदस्य | गो.न.पा.२, अत्तरिया, कैलाली | |
| ९ | जगतराम महरा | सदस्य | गो.न.पा.२, अत्तरिया, कैलाली | |
| १० | योगेश भट्ट | सदस्य | गो.न.पा.१, अत्तरिया, कैलाली | |
| ११ | कृष्णा महरा | सदस्य | गो.न.पा.४, बास्कोटा, कैलाली | |

**<u>सल्लाहकारहरुको नामावली विवरण र दस्तखत:-</u>**

| क्र.सं. | साक्षीहरूको नाम, थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | तेजबहादुर खड्का | संयोजक | गो.न.पा.१, अत्तरिया,कैलाली |
| २ | धर्म सिंह कुँवर | सह-संयोजक | गो.न.पा.२, तेघरी,कैलाली |
| ३ | लक्षीराम आचार्य | सदस्य | गो.न.पा.१, अत्तरिया,कैलाली |
| ४ | प्रेमराज भट्ट | सदस्य | गो.न.पा.२, तेघरी, कैलाली |

| | | | |
|---|---|---|---|
| ५ | गणेश महरा | सदस्य | गो.न.पा.१, अत्तरिया,कैलाली |
| ६ | डण्डीराज जोशी | सदस्य | गो.न.पा.४, बास्कोटा,कैलाली |
| ७ | मान बहादुर महरा | सदस्य | गो.न.पा.१, अत्तरिया,कैलाली |
| ८ | राजकुमार साउँद | सदस्य | गो.न.पा.२, अत्तरिया,कैलाली |
| ९ | लोकेन्द्र विष्ट | सदस्य | गो.न.पा.१, अत्तरिया,कैलाली |

**उपस्थित साक्षीहरूको नामावली विवरण र दस्तखतः-**

| क्र.सं. | साक्षीहरूको नाम, थर | ठेगाना | सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|---|---|
| १ | डा..नरेन्द्रबहादुर ऐर | गो.न.पा.१, अत्तरिया, कैलाली | | |
| २ | गिरिराज कडायत | गो.न.पा.२, अत्तरिया, कैलाली | | |
| ३ | हरिकृष्ण पाण्डेय | गो.न.पा.१, अत्तरिया, कैलाली | | |
| ४ | डा.डम्बरबहादुर पाल | गो.न.पा.२, अत्तरिया, कैलाली | | |
| ५ | पदमप्रकास साउँद | गो.न.पा.१, अत्तरिया, कैलाली | | |

नेपाल सरकार
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

## अनुसूची - १

## संस्थाको चिन्ह तथा छापः-

यस '**पूर्व विद्यार्थीमञ्च, दुर्गालक्ष्मी बहुमुखी क्याम्पस**' नामक संस्थाको छाप र चिन्ह तपसिल बमोजिम हुनेछ । संस्थाको नाम, छाप र चिन्ह यो संस्था भन्दा पूर्व दर्ता भएको कुनै संघ-संस्थासंग मेल खाएमा नियमानुसार संशोधनको प्रक्रिया पुरागरी तुरुन्त संशोधन गरिनेछ ।

यस संस्थाको लोगोमा दुईवटा गोलाकार घेराको माथिपट्टी **पूर्व विद्यार्थीमञ्च दुर्गालक्ष्मी बहुमुखी क्याम्पस** र तलपट्टि संस्थाको पूरा ठेगाना **गोदावरी-२ अत्तरिया, कैलाली** लेखिएको हुनेछ भने गोलाकार घेराको बिचमा पुस्तक, कलम र त्यसको माथी विश्वविद्यालयको दिक्षान्त समारोहको टोपी रहनेछ भने त्यसको तल संस्था दर्ता गरेको वर्ष-२०८२ उल्लेख गरिएको हुनेछ ।